का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक १६५
- १६ साउन २०७८, शनिबार
- 31 July 2021, Saturday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# काँग्रेस महाधिवेशन सर्ने निश्चित

नेपाली काँग्रेसको चौधौं महाधिवेशन निर्धारित मितिमा नहुने निश्चित भएको छ । १६-१९ भदौमा तोकिएको महाधिवेशन सर्ने काँग्रेस शीर्ष नेताहरुले निष्कर्ष निकालेको छ । तर महाधिवेशन सार्ने औपचारिक प्रस्ताव भने आएको छैन ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १५ साउन ।

सत्तारुढ दल नेपाली काँग्रेसको चौधौं महाधिवेशन सर्ने निश्चित भएको छ। क्रियाशील सदस्यता वितरणको समस्या हल हुन नसक्दा महाधिवेशन तोकिएको मितिमा नहुने निश्चित भएको हो। १६-१९ भदौमा महाधिवेशन गर्नका निम्ति १२ साउनमा वडा अधिवेशन हुनुपर्ने थियो। तर क्रियाशील सदस्यता वितरणको समस्या हल हुन नसक्दा वडा अधिवेशन अनिश्चित भएको छ। वडा अधिवेशन अनिश्चित भएबाटै काँग्रेसको महाधिवेश प्रभावित भइसकेको छ ।

छानविन समितिलाई क्रियाशील सदस्यता टुंग्याउने जिम्मेवारी दिइएको थियो । तर छानबिन समितिले पनि विवाद टुंग्याउन सकेन । यसपछि फेरि क्रियाशील सदस्यता विवाद टुंग्याउने जिम्मा शीर्ष नेताहरुलाई दिइएको छ। पाँच दिनको समय सहित दिइएको विवाद टुंग्याउनेबारे छलफल शुरु भएको छ। पदाधिकारी र पूर्वपदाधिकारीको बिहीबारको बैठकले क्रियाशील सदस्यता विवरणसहित प्रतिवेदनमा बाँकी रहेका विवाद पाँच दिनभित्र समाधान गर्ने गरी नेतृत्व तहलाई जिम्मेवारी दिइएको हो ।

जसअनुसार, सभापति एवम् प्रधानमन्त्री शेरबहादेर देउवा, बरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला क्रियाशील सदस्यता टुंग्याउन सक्रिय भएका छन्। विवाद टुंग्याउन सभापति देउवा निवासमा छलफल भएको छ ।

छलफलमा सहमहामन्त्री प्रकाशशरण महत, नेता मिनेन्द्र रिजाल र रमेश लेखक सहभागी थिए। सहभागी नेताहरुका अनुसार, क्रियाशील सदस्यता टुंग्याउन मापदण्ड बनाउने निर्णय भएको छ । मापदण्ड बनाएपछि विवाद हल हुने नेताहरुले दावी गरेका छन् । तर पाँच दिनभित्रै विवाद टुंगेपनि महाधिवेशन निर्धारित मितिमा हुने संभावना टरेको नेताहरुले निष्कर्ष निकालेका छन्। क्रियाशील सदस्यता टुंग्याएर वडा अधिवेशन गर्न १५ दिन लाग्ने भएकाले काँग्रेसको महाधिवेशन १६-१९ भदौमा हुन सक्ने संभावना छैन ।

अर्थात् २० साउनभित्र क्रियाशील सदस्यता विवाद हल गरेर नामावली पठाए पनि भदौ पहिलो साता मात्रै वडा अधिवेशन हुनेछ । यसपछि स्थानीय तह, प्रदेश निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला र प्रदेशसभाको अधिवेशन सकेर १६-१९ भदौमा महाधिवेशन गर्न संभव छैन। तर महाधिवेशनको मिति सार्ने प्रस्ताव भने ल्याइएको छैन। "औपचारिक रुपमा महाधिवेशन सर्ने प्रस्ताव र निर्णय हुन मात्रै बाँकी हो । अब महाधिवेशन निर्धारित मितिमा हुने संभावना छैन", एक नेता भन्छन् ।

> चार वर्षभित्र हुनुपर्ने काँग्रेसका महाधिवेशन पटकपटक सर्दै भदौमा तोकिएको छ । भदौभित्र महाधिवेशन गराउनुपर्ने संवैधानिक व्यवस्था छ । तसर्थ काँग्रेस महाधिवेशन वैधानिक समस्यामा समेत देखिएको छ ।

चार वर्षभित्र हुनुपर्ने काँग्रेसका महाधिवेशन पटकपटक सर्दै भदौमा तोकिएको छ। भदौभित्र महाधिवेशन गराउनुपर्ने संवैधानिक व्यवस्था छ । तसर्थ काँग्रेस महाधिवेशन वैधानिक समस्यामा समेत देखिएको छ ।

यो महाधिवेशनमा पार्टीको क्रियाशील सदस्यता संख्या आठ लाख ५२ हजार ७११ पुगेको छ । बारा र सप्तरी जिल्ला कार्यसमितिको क्रियाशील सदस्यता विवरण ढिला विवरण प्राप्त भएकाले पुरै बाँकी रहेको र पार्टीको समायोजन तथा अन्य पार्टीबाट प्रवेश गरेकालाई दिनुपर्ने सदस्यताका कारण सिन्धुपाल्चोक, रसुवा, काभ्रेपलाञ्चोक, धनुषा, सर्लाही, कैलालीलगायत बाँकी पृष्ठ २ मा

# जसले मन्त्री रोज्दा सांसद र पार्टी गुमाए

> निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीलाई साथ दिने नेताहरु संकटमा देखिएका छन् । महन्थ ठाकुर र राजेन्द्र महतोहरु पार्टीविहीन भएका छन् भने माओवादी छोडेकाहरूले विलाप उस्तै छ ।



लुम्बिनी प्रदेशका तीन मन्त्रीहरु, जसलाई जनता समाजवादी पार्टी (जसपा) को निर्णयअनुसार, सांसद पद गुमाएका छन् । तस्वीर: रातोपाटी डटकम

**दीपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, १५ साउन ।

लुम्बिनी प्रदेश सरकारका तीन मन्त्री सांसद पदबाट मुक्त भएका छन्। जनता समाजवादी पार्टी (जसपा) का तीन मन्त्री सांसदबाट पदमुक्त भएका हुन्। प्रदेशसभा सचिवालयका सचिव दुर्लभकुमार पुनले शुक्रबार सूचना जारी गरी सन्तोषकुमार पाण्डेय, विजयबहादुर यादव र कल्पना पाण्डेयलाई सांसदबाट पदमुक्त गरिएको जानकारी दिएका छन्। जसपाले पत्र पठाएपछि प्रदेशसभाले सांसद पद खारेजी गरेको हो ।

मुख्यमन्त्री शंकर पोखरेलाई साथ दिदै गएको ६ वैशाखमा उनीहरु प्रदेश सरकारमा सहभागी भएका थिए । त्यसबेला महन्थ ठाकुर पक्षमा उभिदै चार जना मन्त्री बनेका थिए। तर एक जनाले भने केही दिन अगाडि मन्त्रीबाट राजीनामा दिइसकेका छन्। बाँकी तीन जनालाई सांसदबाट पदमुक्त गरिएको छ। जसपाको वैधानिकता उपेन्द्र यादवले पाएपछि तीन मन्त्रीलाई पदमुक्त गर्ने निर्णय गरेका हुन्। लुम्बिनीमा जसपाका ६ सांसद छन्। त्यस मध्ये तीन जनाले यादवलाई साथ दिएकाले उनीहरुको पद जोगिएको छ ।

शुक्रबार जसपाले सांसदबाट पदमुक्त गरेका तीन मन्त्रीले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली समूहलाई साथ दिएका थिए । मुख्यमन्त्री पोखरेल विरुद्ध ल्याइएको अविश्वसको प्रस्तावमा हस्ताक्षर गरेर ६ वैशाखमा सरकारमा सहभागी भएका थिए । अर्थात् निवर्तमान प्रधानमन्त्री ओलीलाई साथ दिने पक्षमा उभिएकै कारण तीन मन्त्रीले सांसद पद गुमाएका छन्। यसअघि ओलीलाई साथ दिए बापत लुम्बिनीकै राष्ट्रियसभा सदस्य चन्द्रबहादुर खड्का पदमुक्त भएका थिए भने दधिराम न्यौपाने प्रदेशसभा सदस्यबाट पदमुक्त भए ।

अन्य प्रदेशहरुको अवस्था पनि लुम्बिनीकै जस्तो छ। प्रदेश १ बाट ओलीलाई साथ दिएका एक जना, प्रदेश २ बाट चार जना, कर्णालीबाट एक जना र सुदूरपश्चिम प्रदेशबाट एक प्रदेश सांसद पदमुक्त भए। माओवादी केन्द्रको नेतृत्व गर्दै सरकारमा सहभागी भएका रामबहादुर थापा बादलले पनि राष्ट्रियसभा सदस्य पद गुमाएका छन्। ६ वर्षे कार्यकालको गोला तानेपनि बादल पदमुक्त भएका छन्। सँगै, माओवादी केन्द्र छोडेर ओलीलाई साथ दिएका प्रतिनिधिसभा सदस्यहरु टोपबहादुर रायमाझी, लेखराज भट्ट, गौरीशंकर चौधरी, प्रभु साहले पनि सांसद पद गुमाएका छन्। साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजन हुँदा यी सांसदहरु ओलीलाई साथ दिदै मन्त्री बनेका थिए ।

तर दोस्रो पटक प्रतिनिधिसभा विघटन गर्ने ओली स्वयम् पदमुक्त भएका छन् भने उनले नियुक्त गरेका मन्त्रीहरुले सांसद, पार्टी र मन्त्री पद गुमाएका छन्। यी सबै निर्णय भने सर्वोच्च अदालतको फैसलाबाट भएको हो । नेकपा विभाजन हुँदा ओलीलाई साथ दिएका माओवादी केन्द्रका नेताहरु मात्रै नभएर पुराना नेता महन्थ ठाकुर लगायत नेताहरु समेत संकटमा देखिएका छन्। जसपा विभाजन हुँदा ठाकुर पक्षले वैधानिकता पाएनन्। यसर्थ यो उमेरमा आएर ठाकुर र उनी समर्थकहरु पार्टी विहीन मात्रै भएनन्, सांसद पद समेत संकटमा छ ।

# 'एक्जिट मेमो' नपाउँदा मलेसियामा हजारौं नेपाली कामदारहरु समस्यामा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ साउन ।

मलेसियाली अधिकारीहरूले विदेशीलाई स्वदेश फर्किन अनिवार्य गरेको 'एक्जिट मेमो' नपाउँदा घर फर्किनु पर्ने हजारौं नेपाली कामदारहरु समस्यामा परेका छन्। लामो समयदेखि नेपाली कामदारलाई समस्यामा पारेको यो विषयलाई त्यहाँको फ्रि मलेसिया टुडे अनलाइनले ठूलो समाचारकारूपमा बाहिर ल्याएको छ ।

मलेसियामा करार अवधि सकिएका कामदारलाई कम्पनीका तर्फबाट निवेदन गरी एक्जिट मेमो निकाल्ने गरिएको छ । मलेसियामा कोरोना भाइरस (कोभिड-१९) महामारी नियन्त्रणमा ल्याउन कडाइका साथ आवागमन नियन्त्रण आदेश कार्यान्वयनमा छ । आवागमन अवरोधको कारणले अध्यागमन कार्यालय बन्द रहेकाले यो समस्या सिर्जना भएको कम्पनीहरूले बताउने गरेका छन् ।

कोरोनाकै कारणले मलेसियामा विदेशी कामदार जान पाएका छैनन्। कतिपय कम्पनीले अध्यागमनमा निवेदन नै नदिई अध्यागमनले एक्जिट पर्मिट नदिएको बताएर नेपाली कामदारहरूलाई काम गर्न बाध्य पारिरहेको गुनासो बढेको छ।



क्वलालम्पुरस्थित नेपाली दूतावासका द्वितीय सचिव प्रतीक कार्कीले घर फर्कन नपाउँदा सयौं नेपाली बेतलबी बस्नुपरेको र कतिपयले गैरसरकारी संस्था र साथीभाइहरुको सहयोग लिनुपर्ने बाध्यता रहेको उक्त अनलाइनलाई बताएका छन् ।

दूतावासले अध्यागमन अधिकारीसँग कम्तीमा एउटा काउन्टर खुला राखेर एक्जिट मेमो प्राप्त गर्न सक्ने वातावरण बनाउन अनुरोध गरिरहेको तर प्रगति नभएको बताएका छन् ।

## वैदेशिक रोजगार विशेष

# खोप नलगाएकालाई कतारमा प्रवेश निषेध

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १५ साउन ।

नेपालबाट वैदेशिक रोजगारीमा कतार आउनेहरुलाई अनिवार्यरुपमा होटेल क्वारेन्टिनमा बस्नुपर्ने बाध्यता उत्पन्न भएको छ । कतारले नयाँ ट्राभल एड्भाइजरी जारी गर्दै अगस्ट दुई अर्थात आगामी १९ गतेदेखि उक्त व्यवस्था लागू हुने जनाएको छ । यहा'स्थित नेपाली दूतावासले यसबारे थप जानकारीका लागि सम्बन्धित एयरलाइन्ससँग सम्पर्क गरेर बुझ्न सकिने जनाएको छ।

जुलाई १२ देखि कोरोना खोप लगाएकालाई क्वरेन्टिन बस्नु नपर्ने नियम लगाएको कतारले पछिल्लो समय आफ्नो मुलुकमा कोरोनाको जोखिम बढ्न सक्ने भन्दै कडाइ गरेको बताइएको छ। नेपाली दूतावासले कतारमा खोपको दुवै डोज लगाएका वा कतारमा कोरोना संक्रमण भइ निको भएका यात्रुहरुलाई भने २ दिन मात्र होटल क्वरेन्टिन बस्नुपर्ने जनाएको छ। होटल बसेको दोस्रो दिनमा पीसीआर परीक्षण गर्दा रिपोर्ट नेगेटिभ आए आफ्नो गन्तव्यमा जान पाइने बताइएको छ ।

कतारभन्दा बाहिर जुनसुकै खोप लगाएका वा बाँकी पृष्ठ २ मा

# एसएसबीले तुइन काट्दा धामी बेपत्ता

**रमेश खत्री/मध्यान्ह**
धनगढी, १५ साउन ।

भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले महामारी नदीको तुइनको डोरी काट्दा खसेर एक नेपाली बेत्तपा भएका छन्। स्थानीयका अनुसार, ब्याव गाउँपालिका-२, मालघाटमा शुक्रबार बिहान नदी पार गर्ने क्रममा एसएसबीले तुइनको डोरी काटेका हुन्।

तुइन छिनेपछि ३० वर्षीय जयसिंह धामी बेपत्ता भएको स्थानीय प्रशासनले जनाएको छ। स्थानीयले बाँकी पृष्ठ २ मा



> स्थानीयले दिएको वयान अनुसार, तुइनबाट महाकाली नदी पार गरिरहेका धामी नदी छोउ नपुगदै एसएसबीले डोरी छिनाइदिएका थिए । यसपछि धामी नदीमा खसे ।

**विज्ञापनको लागि मध्यान्हको इमेल परिवर्तन भएको सूचना ।**

मध्यान्ह राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशनका लागि नयाँ इमेल: **ad.madhyanha@gmail.com** मा पठाउन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

मध्यान्ह राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं
फोन नं.: **01-4228298, 4226366**
मो. नं.: **9841885670**

**मध्यान्ह** राष्ट्रिय दैनिक

- ग्राहक बन्न परेमा
- पत्रिका नआएमा
- ठेगाना परिर्वतन भएमा
- पत्रिका वितरण सम्बन्धि कुनै पनि गुनासो भएमा ।

सम्पर्क
बागबजार, काठमाडौं
फोन नं.: **01-4228298** | मो. नं.: **9851149919**

# ढुंगामै जीवन ज्यून जानेकाहरु...

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, १५ साउन

कुनै ढुंगा मूर्ती बन्छ, कुनै ढुंगा घर बन्छ, कुनै ढुंगा महलतिर सजिन्छ ।

यिनै ढुंगाहरुबाट कसैको जिन्दगी पनि चल्छ। त्यतिमात्र होइन् पुस्तौनी यस्तै ढुंगाले ज्यान खाइरहेछ तर ढुंगाले जिन्दगी चलाइरहेछ ।

यस्तै जिन्दगी चलाउने मध्येका एक परिवार हुन् सोनी देवी । उनको परिवारमा श्रीमान वीरेन्द्र थबइ र दुई छोराहरु छन् । सोनी देवी जडिबुटी नजिकै मसला पिस्ने सिलौटा बेच्छन् सडकको किनारामा राखेर । दिनभरी यहि सिलौँटामा छिनो र हम्मर चलाउँदै दिन जान्छ । उनको उमेर २८ सकेर २९ लाग्दैछन् यहि भदौमा । श्रीमानको पनि यहि काम हो तर गएको वर्ष लकडाउनको बेला सिकिस्त बिरामी भए । उपचारको निम्ति सोनी देवीलाई पचास हजार ऋण लाग्यो । डाक्टरले रक्सी नखान भनेको छ उनका श्रीमानलाई तर दिनहुँ रक्सी खाएर आउँछन् । बिरामी भएदेखि बानी बिग्रदै गएको छ उनको श्रीमानको । कहिले काहिँ बेच्न राखेको सिलौटो चोरेर रक्सी खान पुग्छन् । त्यतिबेला सोनीदेवी एक्लो महसुस गर्छिन् । उनलाई समाजको डर छ कतै चोरको श्रीमती भन्लान भन्ने । 'घरैको सामान चोर्ने बानीले बाहिरको सामान नचोर्ला भन्न सकिन्न त्यसैले बानी सुधारीदिए हुन्थ्यो जस्तो लाग्छ' उनी भन्छिन् ।

कहिलेकाहिँ मर्न पनि मनलाग्छ रे उनलाई । प्रायःजसो घर झगडा भइरहन्छ उहि रक्सी को निहुँमा । तर उनी बच्चाहरु हेरेर आफूलाई सम्हाल्छिन् ।

'रक्सी मात्र नखाइदिए ओखती मात्रै खाइदिए मै दुःख गरी पाल्ने थिए जीन्दगीभर' उनी भन्छिन् ।



अनि थप्छिन्, 'पहिले पहिले त खुबै मायाँ गर्नुहुन्थ्यो । १४ वर्षको बालकै उमेरमा विवाह भयो सानै थिए । माइती भारतको दरभंगा हो । बालकै उमेरदेखि यस्तै काम गर्दै आइरहे । अहिलेपनि यहि काम मा निरन्तर रमाइरहेको छु,' मलिनो अनुहार लगाउँछिन उनी ।

सिलौटा बनाउने ढुंगो पनि भारतबाटै किनेर ल्याउनुपर्छ यो ठूलो ठूलो साईजमा आउँछ यहाँ हामीले छिनाले काटेर आकार निकाल्नुपर्छ आकार अनुसार काटेर छिना र हम्मरले कुँदेर तयार पार्नुपर्छ ।

उनी भन्छिन्, 'एउटा सिलौटो तयार पार्न एक दिन लाग्छ तर अहिले व्यापार नभएकोले विस्तारै गर्छु । अलिअलि पैसाँ पनि बचत गर्ने गरेको छु फाईनान्स तिर आवश्यक परेको बेला ऋण पनि दिन्छन् ।'

घर बारा जिल्लाको कलैया वडा नं ७ हो । घरमा सासु ससुरा कोहि छैनन् सबै बितिसके । श्रीमानका दाजुभाईहरु छन पाँच भाई । जग्गा जमिन केहि छैन सबै सासु ससुराले बेचेर खाइसके । सम्पतीको नाममा एउटा नागरिकता छ श्रीमानको तर पटक-पटक मेरो नागरिकता बनाउन जाँदा कागजात पुगेन मात्र भन्छन् ।

उनले छोरा विष्णु थबइ यहिकै सर्वेश्वर बेसीक स्कुलमा हालिदिएकी छिन् । जुन सरकारी हो । उनी भन्छिन्, 'त्यहाँ पनि जन्मदर्ता को प्रमाण चाहिन्छ भनेको छ जबकि मेरै नारिकता नबनेपछि कसरी ल्याउनु जन्मदर्ता ? छोरा बिस्नु थबइ उमेरले ९ टेकेको छ तर छोराको राम्रो बिचारले पनि आमा सोनी देवीलाई बाँच्न सजिलो भएको छ तर जन्मदर्ताकै कारण छोराले पढ्न नपाउँलाकी भन्ने चिन्ता छ ।'

## सिसिएमसी बैठकः कोभिड–१९ महामारी नियन्त्रणको रणनीति बनाइँदै



काठमाडौं/मस- कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (सिसिएमसी) को बैठकमा कोभिड महामारी नियन्त्रणका लागि कसरी संयन्त्रलाई चुस्त र प्रभावकारी ढंगले परिचालन गर्ने भन्ने विषयमा छलफल भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबारमा आज बसेको सिसिएमसीको बैठकमा महामारीको पछिल्लो अवस्था र आगामी रणनीतिबारे छफफल भएको बुझिएको छ ।

प्रधानमन्त्री शेरबहादुर देउवाको उपस्थितिमा बसेको सो बैठकमा गृहमन्त्री बालकृष्ण खाँण, अर्थमन्त्री जनार्दन शर्मा, कानून, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्की, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसाल, प्रधानसेनापति, सिसिएमसीका प्रमुख बालानन्द शर्मा र विभिन्न मन्त्रालयका सचिवको सहभागिता थियो ।

नेपालमा पछिल्ला दिनमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बढिरहेको छ । बढ्दो महामारी नियन्त्रण गरी जनजीवनलाई सामान्य तुल्याउने सन्दर्भमा बैठकमा छलफल भएको सिसिएमसीका एक अधिकारीले जानकारी दिनुभयो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार शुक्रबार एकै दिन तीन हजार ६११ जना संक्रमित थपिएका छन् भने २७ जना संक्रमितको मृत्यु भएको छ ।

# गुल्मीको छत्रकोटमा भैंसी किन्न दिएको अनुदानको रकम दुरुपयोग

**गुल्मी डायरी**
सुमन महतारा/मध्यान्ह

गुल्मीको छत्रकोट गाउँपालिकाले दिएको अनुदानको दुरुपयोग भएको पाइएको छ । गाउँपालिकाले वडा न.३ र ४ दिगामलाई भैँसी ब्लक रुपमा अगाडी बढाउने उदेश्यसहित किसानलाई भैँसी किन्न अनुदान उपलब्ध गराएको थियो । कम्तिमा ४ लिटर दूध उपलब्ध गराउन सक्ने किसानलाई गाउँपालिका भित्रकै दुग्ध सहकारी संस्थामार्फत सिफारिसका लागि जानकारी गराएको थियो । गाउँपालिकाले दुईवटा भैँसी बराबर आर्थिक वर्ष २०७७/७८ को बजेटमार्फतप्रति किसान रु.७५ हजार उपलब्ध गराएको थियो ।



तर केही किसानले विभिन्न बाहानाहरु बनाउँदै दुरुपयोग गरेको पाइएको छ । वडा नम्बर ४ का किसानदेवी प्रसाद पन्थले विभिन्न बाहाना पारेर अनुदानको दुरुपयोग गरेका छन् । उनले गाउँपालिकाबाट अनुदान लिनुभन्दा एक साता पहिले छिमेकीकोबाट भैँसी ल्याएर गोठमा बाधे। गाउँपालिकाबाट अनुगमन गरेर अनुदान पाइसकेपछि उनले त्यो भैँसी पुनः छिमेकीलाई फिर्ता गरे । 'यो खबर हामीले पनि थाहा पाएका थियौं,त्यो भएको रहेछ' वडा सदस्य रुममाया सिंजालीले बताइन् । पन्थले आफुले अनुदानमा ल्याएको भैँसी चित्त नबुझेको कारण आफुले बेच्नुपरेको बाहाना बनाउँछन् । भैँसीले मान्छेलाई हान्ने गरेको भन्दै गोठमा बाँधेको एक सातामै उनले त्यो भैँसी हटाए । अनुदान पाउनको लागि पहिलेदेखि नै गोठमा भैँसी पाल्दै आउनुपर्ने भएपनि उनले अनुदान पाउनुभन्दा एक साता पहिले मात्रै ल्याएको र अनुदान पाइसकेपछि हटाएको आफ्नो नाम नखुलाउने सर्तमा एकजना किसानले भने ।

सूचना प्राप्त गर्ने वित्तिकै गाउँपालिकाबाट उपाध्यक्षसहितको टोलि अनुगमनमा गएको थियो। अनुगमनका क्रममा पनि उनको गोठमा दुईवटा भैँसी थिएनन् । पन्थले विभिन्न बाहाना बनाउँदै अर्को भैँसी किन्ने क्रममा रहेको उनले बताए । 'हामीले समय तोकिदिएर पुनः भैंसी ल्याउन निर्देशन दिएका छौं ' उपाध्यक्ष नर्मदा भण्डारीले बताइन् ।

त्यस्तै अर्का एकजना किसान निलकण्ठ पन्थले पनि गाउँपालिकाले उपलब्ध गराएको अनुदानमा किनेको भैँसी बेचेका छन् । उनले आफ्नो श्रीमती बिरामी भएको र भैँसीको रेखदेख गर्न दुःख भएको बाहाना देखाउँदै भैँसी बेचेका हुन् । यो खबर पनि गाउँपालिकामा पुगेपछि गाउँपालिकाले पुनः अनुगमन गरेको थियो ।

'हामीले उनलाई घाँसपात गर्ने मान्छेको व्यवस्थापन गरेरै भएपनि पुनः भैँसी ल्याउन निर्देशन दिएका छौँ, १७ गतेभित्र भैँसी ल्याउने गरी कागज बनाइएको छ ।' उपाध्यक्ष भण्डारीले जानकारी गराइन् ।

गाउँपालिकाले वडा न.३ र ४ का १० जना किसानलाई अनुदान उपलब्ध गराएको थियो । गाउँपालिकाले उपलब्ध गराएको अनुदानमा किनेको भैँसी कम्तिमा ३ वर्षसम्म पालेको हुनुपर्ने प्रावधान रहेता पनि गाउँपालिकालाई नै जानकारी नदिई बेच्नु गलत भएको गाउँपालिकाको ठहर छ।' भैँसीमा कुनै समस्या आएपनि अर्को भैँसी ल्याइसकेपछि मात्र त्यो भैँसी बेच्नुपर्ने हो, तर गाउँपालिकालाई नै जानकारी नगराई एक हप्तामै बेच्नु गलत हो' वडा सदस्य रुनमाया सिंजालीले बताइन् । उनी आफैँ ती कृषकलाई सिफारिस गर्ने दुग्ध सहकारी संस्थाको अध्यक्ष पनि हुन् ।

लापरबाही भएको थाहा पाएपछि त्यहाँका स्थानीय किसान वडामा कारबाहीको माग गर्दै पुगेका थिए । किसान गणेश पन्थी लगायत ५ जना किसानहरु अनुदानको दुरुपयोग भएको भन्दै आवश्यक कारबाहीको माग गर्दै वडामा पुगेका हुन् । 'वडा अध्यक्ष ज्यूले त्यस्तो लापरबाही गरेकालाई आवश्यक कारबाही गर्ने प्रतिबद्धता ब्यक्त गर्नुभएको छ' गणेश पन्थले बताए ।

'म लगायत धेरै किसान पहिलेदेखि नै भैंसी पाल्दै,दूध बेच्दै आइरहेका छौँ । तर जसको शक्ति उसको भक्ती हुने रहेछ । हामीहरुले एक रुपैयाँ पनि अनुदान पाउन सकेनौं' उनले दुखेसो पोखे । 'म संग ८/९ वटा बाखा पनि छन् तर न भकारो सुधारको लागि अनुदान पाएको छु न त अन्य अनुदान' उनले थपे । वास्तविक किसान पहिचान गरी अनुदानको न्यायोचित वितरणको गर्नको लागि वडालाई ध्यानाकर्षण गराइएको उनले बताए ।

अनुगमनमा भने गाउँपालिका सक्रिय भएको देखिन्छ । अनुदान उपलब्ध गराउनुभन्दा पहिले नै ३ पटक अनुगमन गरेर गाउँपालिकाले अनुदान दिएको थियो । गाउँपालिकाको प्रयासलाई किसानहरुले साथ दिनुपर्ने हो तर उनीहरु नै गाउँपालिकाको आँखोमा छारो हाल्न खोजेको देखिन्छ । यसले वास्तविक, सोझा र मेहनती किसान मारमा परेका छन् ।

# गुल्मी नेबिसंघद्वारा प्रशासनको ध्यानाकर्षण

नेपाल विद्यार्थी संघ गुल्मीले सवारी दुर्घटना कम गर्न पुराना गाडिको विस्थापन र चालकलाई अभिमुखीकरण तालिम उपलब्ध गराउन अनुरोध गरेको छ । गुल्मीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मालाई ध्यानाकर्षण पत्र बुझाउँदै नेविसंघले यस्तो अनुरोध गरेको हो ।

जिल्ला भित्र भइरहेका सवारी दुर्घटना तथा कोभिड खोपमा समेत भइरहेको अनियमिततामा संगठनको ध्यानाकर्षण भएको उल्लेख गर्दै



नेविसंघले बुधबार भएको सवारी दुर्घटनामा ३ जनाले अकालमा ज्यान गुमाउनु परेकोमा दुःख व्यक्त गरेको छ ।

संगठनका कार्यवाहक जिल्ला सभापति रामजी पन्थीद्वारा हस्ताक्षरित पत्रमा केही दिनअघि मात्र रेसुङ्गा नगरपालिकाको अर्खलेमा चालकको लापरवाहीका कारण २८ वर्षीय सुजन पाण्डेले अल्पआयुमै ज्यान गुमाउनु परेको तथा २०७८ वैशाख १ गते जिल्ला प्रशासन कर्मचारीहरू प्यूठानको स्वर्गद्वारी जाने क्रममा सवारी दुर्घटनामा ४ जनाले ज्यान गुमाएको सन्दर्भ समेत जोड्दै पछिल्लो एक वर्षमा ३७ जनाले सवारी दुर्घटनामा ज्यान गुमाएको बारे गम्भीर हुन प्रशासनलाई अनुरोध गरेको छ ।


## कतारमा रोजगारको अवसर | कम्पनीः DESERT LINE PROJECTS WLL
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०७८/०२/१३ चलानी नं.: ६०१५८४५९ LT. No.: 240441 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 10 | 0 | | 1900 | ६१,९४० | | | | | | | |
| 3. | Carpenter | 25 | 0 | | 1100 | ३५,८६० | | | | | | | |
| 4. | Mason | 25 | 0 | | 1100 | ३५,८६० | | | | | | | |

अन्तर्वार्ताः म्यापावर कार्यालय काठमाडौंमा २०७८ साउन २२ गते (6 August 2021) मा हुनेछ ।
पि.आई.टी ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा साउन २२ गते (6 August 2021) मा हुनेछ ।
पि.आई.टी ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा साउन २३ गते (7 August 2021) मा हुनेछ ।
बि.एम. ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा साउन २४ गते (8 August 2021) मा हुनेछ ।
रामजनकी ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा साउन २४ गते (8 August 2021) मा हुनेछ ।
अञ्जली ट्रेनिङ सेन्टर, ईटहरीमा साउन २०७८ २५ गते (9 August 2021) मा हुनेछ ।
म्यापावर कार्यालय काठमाडौंमा २०७८ साउन २६ गते (10 August 2021) मा हुनेछ ।
पि.आई.टी ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा साउन २७ गते (11 August 2021) मा हुनेछ ।
बि.एम. ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा साउन २८ गते (12 August 2021) मा हुनेछ ।
म्यापावर कार्यालय काठमाडौंमा २०७८ साउन २९ र ३० गते (13 & 14 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.** (श्रम इजाजत नंः ५४३/०६१/०६२)
बसुन्धारा, काठमाडौं, फोन नं.: ४३५९७७२, ४३८४१९०, ४३९४१९१, ९८५१०९९३००
फ्याक्स नं.: ४३८३६२७ देबी प्रसाल अधिकारी ९८५१०९९३००, Email: capital2004@yahoo.com

" Real Happiness Lies in Making Other Happy"


### कांग्रेस...

जिल्लाका केही क्षेत्रको क्रियाशील सदस्यता विवाद टुङ्गिन बाँकी छ । काङ्ग्रेसले यसअघि गाउँ/नगरवडा अधिवेशन यही साउन १२ गते, गाउँ/नगरपालिका अधिवेशन साउन १६ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन साउन २० गते तोकेको थियो। यसैगरी प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २३ गते, एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन साउन २६ गते र प्रदेश अधिवेशन भदौ १ र २ गते निर्धारण गरिएको छ ।

### एसएसबीले...

दिएको बयान अनुसार, तुइनबाट महाकाली नदी पार गरिरहेका धामी नदी छोउ नपुग्दै एसएसबीले डोरी छिनाइदिएका थिए । यसपछि धामी नदीमा खसे ।

ब्यास-२ का वडाध्यक्ष वीरेन्द्रसिंह बुढाथोकीले धामी सँगै अरु तीन जना पनि नदी पार गरिरहेको बताए । तर अरुले नदी पार गरिसकेका थिए । धामी भने नदी छेउ पुग्नै लाग्दा तुइन खस्यो । स्थानीयले एसएसबीकै कारण धामी नदीमा बेपत्ता भएको प्रहरीमा उजुरी दिएका छन्। जिल्ला प्रहरी कार्यालयले एसएसबीले डोरी छिनाएकै कारण धामी नदीमा खसेको उजुरी आएको पुष्टि गरेको छ । "एसएसबीले तुइनको डोरी निकाल्दा धामी नदीमा खसेको गुनासो आएको छ। थप अनुसन्धान भइरहेको छ", एक प्रहरी अधिकारीले भने। उनका अनुसार, प्रत्यक्षदर्शीसँग बुझ्ने काम भइरहेको छ ।

यसैबीच धामीका आफन्तले जिल्ला प्रशासन कार्यालय दार्चुलामा यसबारे ज्ञापनपत्र बुझाइसकेका छन् । जिल्ला प्रशासन दार्चुलाले पनि यसबारे छानबिनको सहयोग माग्दै भारतयि पक्षलाई पत्र पठाएको छ । दार्चुलाका सहायक प्रमुख जिल्ला अधिकारी ज्योत्सना भट्टका अनुसार, पिथौरागढ कार्यालयलाई पत्र पठाइएको छ । तर भारतीय पक्षले भने यसबारे कुनै प्रतिक्रिया दिएको छैन। यो घटनाको प्रारम्भिक सूचना लगत्तै राजनीतिक दलहरुले आपत्ति जनाएका छन्। एसएसबीकै कारण नेपाली युवा बेपत्ता भएको प्रति दुख व्यक्त गर्दै छानबिनको माग गरिएको छ । सत्तारुढ दल नेपाली काँग्रेसका प्रवक्ता विश्वप्रकाश शर्माले बक्तव्य नै जारी गरी यसबारे ध्यानाकर्षण भएको र छानबिनको माग गरेका छन् ।

"नदी तर्ने क्रममा तुइन काटिदिएपछि ३५ वर्षीय युवा जयसिंह धामी नदीमा खसेर बेपत्ता भएको घटना अत्यन्तै दुःखद मात्रै होइन अमानवीय र अत्यन्तै आपत्तिजनक छ", विज्ञप्तिमा उल्लेख छ । "घटनाको सम्पूर्ण वास्तविकता सार्वजनिक गर्न, भारतीय पक्षसँग यसबारेमा संवाद गर्न, आफ्नो नागरिकलाई न्याय दिलाउन, सम्बन्धित परिवारजनलाई राहत दिन/दिलाउन नेपाली कांग्रेस पार्टीका तर्फबाट म सरकार समक्ष माग गर्दछु" विज्ञप्तिमा उल्लेख छ, "आफ्नो नागरिकको जीवन सुरक्षा गर्ने दायित्व बोकेको सरकारले यसलाई अत्यन्तै गम्भीरतापूर्वक लिएर आवश्यक गम्भीर पहलकदमी गर्ने विश्वास लिएको छु ।"

प्रमुख विपक्षी दल नेकपा एमालेका नेताहरुले पनि यो घटना प्रति आपत्ति प्रकट गरेका छन् । एमालेका उपाध्यक्ष भीम रावलले सामाजिक सञ्जाल मार्फत् आपत्ति प्रकट गरेका छन् । "दार्चुला जिल्लाको व्यास गापाका ३५ वर्षीय जयसिंह धामी महाकाली नदी तुइन तर्दै गर्दा भारतीय सुरक्षा जवानले तुइन काट्दा नदीमा खसेर बगेको समाचारले स्तब्धकारी छ । यस्तो क्रुर अमानवीय कार्यको छानबिन होस्, भारतसँग वार्ता गरी दोषीलाई कारबाही गरियोस् र मृतकका परिवारलाई राहत प्रदान गरियोस्", रावलले लेखेका छन् ।

### खोप...

नलगाएका क्यूआईडीवाहक यात्रुहरूले १० दिन होटेल क्वरेन्टिन बस्नुपर्ने हुन्छ । खोप नलगाएका (पारिवारिक, पर्यटक वा बिजनेस भिसा अन्तर्गतका) यात्रुहरूलाई भने कतारमा प्रवेश गर्न दिइने छैन ।

## नुवाकोट डायरी

दिवस ढकाल/मध्यान्ह

# नुवाकोटमा भेरोसेल खोप अभियान शुरु



नुवाकोटमा शुक्रबारदेखि कोरोना भाइरस कोभिड-१९ विरुद्धको भेरोसेल खोप अभियान शुरु भएको छ । जिल्लाका ५५ वर्षमाथिका सबै नागरिकलाई आइतबारसम्म खोप लगाइने छ । खोप कार्यक्रम जिल्लाको १२ वटै स्थानीय तहमा सञ्चालन हुनेछन् । खोप लगाउन आफ्नो नजिकको स्वास्थ्य कार्यालयमा सम्पर्क गर्न स्वास्थ्य कार्यालय नुवाकोटले सूचना जारी गरेको छ ।

साथै, भेरोसेल खोप लगाउने कार्यक्रम सकिएको भोलिपल्ट यही साउन १७ गते ५० देखि ५४ वर्षका जोनसन एण्ड जोनसन कम्पनीको खोप लगाउने कार्यक्रम शुरु गरिने स्वास्थ्य कार्यालय नुवाकोटका सुचना अधिकारी उत्तमराज खनालले जानकारी दिए।यसअघि नुवाकोटका ६५ वर्षमाथिका वृद्धवृद्धाहरुलाई कोरोनाविरुद्धको भेरोसेल खोप लगाइसकिएको छ ।

# १ अर्ब ६१ करोड बजेट फ्रिज




नुवाकोटमा आर्थिक वर्ष २०७७/७८ मा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त बजेट मध्ये १ अर्ब ६१ करोड बजेट फ्रिज भएको छ ।संघ र प्रदेश सरकारबाट प्राप्त १५ अर्ब ६९ करोड ५३ लाख २१ हजार रुपैयाँमध्ये १४ अर्व ८० करोड ८ लाख ८२ हजार रुपैयाँ खर्च भएको छ। कोष तथा लेखा नियन्त्रक कार्यलयको अनुसार संघ र प्रदेश सरकारबाट प्राप्त रकम मध्ये ८९.७१ प्रतिशत मात्रै खर्च भएको हो । कार्यालयका सूचना अधिकारी युवराज डुम्रेका अनुसार १ अर्व ६१ करोड ४४ लाख ७८ हजार रुपैयाँ फ्रिज भएको छ ।

यस्तै, गत आर्थिक वर्ष नुवाकोटमा संघीय बजेटअन्तर्गत चालूतर्फको ७ अर्व ८४ करोड ८३ लाख ८२ हजार रुपैयाँ प्राप्त भएकोमा ७ अर्व ५५ करोड ५१ लाख ९४ हजार रुपैयाँ खर्च भएको छ भने पुँजीगततर्फको ४ अर्व ३७ करोड ४९ लाख २९ हजार रुपैयाँ बराबरको बजेट प्राप्त भएकोमा ३ अर्व ४२ करोड ६४ लाख १ हजार रुपैयाँ खर्च भएको सूचना अधिकारी डुम्रेले जानकारी दिए ।

# विप्लव माओवादी निकट विद्यार्थी संगठनको प्रदर्शन

नुवाकोटको बट्टारमा नेपाल कम्युनिष्ट पार्टी विप्लव माओवादी निकट विद्यार्थी संगठन अखिल क्रान्तिकारीले प्रर्दशन गरेको छ ।अखिल क्रान्तिकारीले स्वास्थ्य क्षेत्र र प्राविधिक तथा चिकित्सा शिक्षामा भइरहेको विकृतिविरुद्ध प्रदर्शन गरेको हो । प्रदर्शनमा विद्यार्थीहरुले सबै नागरिकलाई कोभिड खोपको व्यवस्था गर्न, अवैध रुपमा विराट मेडिकल कलेजलाई दिने प्रक्रिया बन्द गर्नुपर्ने माग राख्दै उनीहरुले प्रदर्शन गरेका हुन् । प्रदर्शन बट्टार चोकबाट संगमचोक पुगेर पुनः नुवाकोट आर्दश बहुमुखी क्याम्पसमा फर्किएर कोणसभामा परिणत भएको थियो । प्रदर्शनमा करिव दुई दर्जन विद्यार्थीहरुको उपस्थिति रहेको आन्दोलनमा सहभागी विद्यार्थी सन्तोस पन्तले मध्यान्हलाई जानकारी दिए ।

# गुल्मीमा परनिर्भरता रोक्न उद्यमीबीच प्रतिस्पर्धा

**सागर भण्डारी/मध्यान्ह**
गुल्मी, १५ साउन

गुल्मीको मुसिकोट नगरपालिका वडा नं १ की दुर्गा थापालाई जिविकोपार्जनका लागि श्रीमानलाई विदेश नै पठाउनुपर्छ भन्ने कहिले लागेन । बरु श्रीमानले विदेश जाने मनशाय बनाउँदा पनि उनले कयौँपल्ट रोकिन् । स्वदेशमै केही गरेर परिवारसगैं रमाउने उनको सपना तब पूरा भयो जब थापा दम्पती कृषि पेशामा लागे । बजार, प्राविधिक र सामाजिक कठिनाईका कारण उनीहरुले आफ्नो जन्मथलो छाडेर वडा नं ७ वामीटक्सारमा भाडामा जमिन लिएर कृषि व्यवसाय सुरु गरे ।

यिनै दम्पतीले गरेको कृषि कर्म र उद्यम मुसिकोट नगरपालिकाको उत्कृष्ट २ उद्यमी अन्तर्गत छनौट हुन सफल भयो । आफुले राखेको सोँच र कृषि कर्म प्रतिको सम्मान देखेर दुर्गालाई निकै खुसी लागेको छ । समाजमा कृषि गर्नेहरु प्रतिको दृष्टिकोण बदल्न र नयाँ पुस्तालाई कृषिमा आकर्षण गर्न यस्ता कार्यक्रमले महत्व राख्ने उनको बुझाई छ ।

कुनै बेला खाडीमा १८ घण्टा काम गरेर समेत सन्तुष्ट हुन नसकेका मुसिकोट नगरपालिका वडा नं १ कै देव घर्ती हिजो आज खुसी छन् । झण्डै ६ वर्ष खाडी मुलुकमा विताएका उनलाई त्यहाँ गरेको काम र पारिश्रमिक खासै चित्त बुझेन् । त्यहाँ गर्ने परिश्रम स्वदेशमै लगानी गर्ने सोँच उनमा आयो । विदेशको जागिर चट्क्कै छाडेर उनी गाउँ फर्किए । तर विदेशको सीप र श्रम नेपालमा उपयोग गर्न उनीसगं प्रसस्त लगानी थिएन् । सानो लगानीबाट आफुसँग रहेको सीप खर्चेर २०७४ सालबाट घर्तीले कृषि उद्यम सुरु गरे ।




पछि व्यवसाय विस्तार गर्दै कुखुरा पालन,माछापालन,तरकारी खेती हुँदै उनले फ्रेस हाउस र रेष्टुरेण्टसम्म गर्न भ्याए । आफैंले आर्जन गरेको व्यवहारिक सीप,अनुभव र अनुमानका आधारमा गरेको कृषिले उनलाई सफल पनि बनायो । यसैक्रममा उनले मुसिकोट नगरपालिका र दायित्वको सहकार्यमा सञ्चालित नगरप्रमुख दायित्व ग्रामीण उद्यम द्रुतीकरण कार्यक्रम मार्फत उद्यमीहरुको खोजी भइरहेको थाहा पाएपछि उक्त कार्यक्रममा सहभागी भए । दायित्वमा आबद्ध भएपछि उनले सीप,दक्षता,नेतृत्व,व्यवसायिक योजना,जोखिम लगानी लगायतका विषयमा थुप्रै कुरा सिक्ने अवसर पाए । त्यही आत्मबलले घर्तीले अब अहिले गरेको भन्दा दोब्बर लगानी र व्यवसाय विस्तार गर्ने सोँच बनाएका छन् । उनी पनि मुसिकोटका उत्कृष्ट २ उद्यमीबाट पुरस्कृत भएका छन् ।

नगरपालिका र दायित्व मार्फत सञ्चालित कार्यक्रमले आफु जस्ता ग्रामीण क्षेत्रका कृषकहरुको मनोबल,ज्ञान बढाउने,बाटो देखाउने र जोखिम मोल्न सिकाएको उनको भनाई छ । 'हामीले गरेको कृषि केवल अरुको देखासिकी मात्रै हो,सफल कृषक उद्यमी बन्नका लागि साँच्चिकै हामीले जान्नुपर्ने कुरा धेरै रहेछन्, ती सबैकुरा सिक्ने अवसर दायित्व मार्फत मिल्यो' घर्ती भन्छन्, 'यस्ता अझै थुप्रै कार्यक्रम स्थानीय तहले सञ्चालन गर्नुपर्छ तबमात्रै युवा जनशक्ति विदेश पलायन हुने क्रम रोकिनेछ र उद्यमशील राष्ट्र निर्माणको परिकल्पना साकार हुनेछ ।'

गुल्मीको मुसिकोट नगरपालिकाले दायित्व संस्थासँगको सहकार्यमा नगरप्रमुख दायित्व ग्रामीण उद्यम द्रुतीकरण कार्यक्रमको साझेदारीमा नगरपालिका भित्र रहेका १ सय २५ उद्यमी छनौट गरी उत्कृष्ट ४०, उत्कृष्ट २०, उत्कृष्ट १० हुँदै उत्कृष्ट २ उद्यमी घोषणा गरेको छ । कृषक र उद्यमीहरुका बीचको प्रतिष्प्रधा गराई मुसिकोट नगरपालिकाले नौँलो र परिणाममुखी काम गरेको छ । कार्यक्रम मार्फत उत्कृष्ट २ जना जनही १/१ लाख र उत्कृष्ट १० जना जनही ५०/५० हजार सहित पुरस्कृत भएका छन् ।

दायित्वको सहकार्यमा हाल देशका ६ वटा जिल्लाका ६ स्थानीय तहमा यो कार्यक्रम सञ्चालन भईरहेको छ । ग्रामीण क्षेत्रमा उद्यम गरिरहेका कृषकहरुको सीप,सोँच र अनुभवलाई प्रोत्साहन गरी भनसुन र पहुँचवालाहरुलाई मात्रै अनुदान दिने परम्परालाई निरुत्साहित गर्न प्रतियोगीतामार्फत उत्कृष्ट उद्यमी छनौट गरिएको दायित्वका लुम्बिनी प्रदेश संयोजक कमल थापाले बताए ।

'यस कार्यक्रमले अनुदानकै लागि कृषि गर्ने र भनुसुनकै आधारमा उद्यमी बन्न चाहानेहरुका लागि चुनौती भएको उनको भनाई छ ।' यसले उद्यमी र स्थानीय सरकार प्रति एकअर्का प्रतिको विश्वास बढाउने र दायित्वबोध गराउने थापाले बताए ।

मुसिकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुषालले कृषकहरुबीच प्रतियोगीता गराई उत्कृष्ट उद्यमी छनौट गर्ने गरी दायित्वसँग गरिएको सहकार्य साँच्चिकै नौलो र नमुना अभ्यास भएको बताए । यो कार्यक्रमले उद्यमीहरुमा आत्मबल बढाउनुका साथै अनुदानमा निर्भर रहने परम्पराको अन्त्य गर्दै वास्तविक उद्यमीहरुको पहिचान र प्रोत्साहन मिलेको उनको भनाई छ ।

कृषिलाई उद्योगसँग जोड्दै अनुदानमा आधारित नभई प्रतिष्प्रधामा आधारित कार्यक्रम अगाडी बढाउने योजनाका साथ दायित्वसँग सहकार्य गरेर मुसिकोटका उत्कृष्ट व्यवसायीहरुको छनोट गरी प्रतियोगीता चलाईएको मुसिकोट नगरपालिकाका नगरप्रमुख सोमनाथ सापकोटाले बताए । 'अनुदानमा आधारित कार्यक्रमले उद्यमीलाई केवल अनुदान केन्द्रीत योजना बनाउने मात्रै देखियो सापकोटाले भने, तर प्रतिष्प्रधाको माध्यमबाट आएका उद्यमीहरु स्वावलम्बन,सीप र दक्षतासँगै आर्थिक पक्ष व्यवस्थापनका पाटोमा पनि धेरै कुरा सिक्नुभएको छ ।'

समृद्ध मुसिकोट निर्माणका लागि कृषि क्षेत्र नै प्रमुख प्राथमिकता रहेको भन्दै यो कार्यक्रम निकै महत्वकाक्षीं रहेको उनको भनाई छ । जिल्लामै यो नमुना अभ्यास भएकाले उद्यमीहरुको चेतना र सोंचमै परिवर्तन आएको सापकोटाले बताए ।

# असोजसम्म एक करोड ८३ लाख ८२ हजार खोप आउने

**काठमाडौं/मस**– सरकारले कोरोना भाइरस संक्रमणविरुद्धको खोप आगामी असोजमसान्तसम्म एक करोड ८३ लाख ८२ हजार ८५० मात्रा ल्याउने भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा.कृष्णप्रसाद पौडेलद्वारा शुक्रबार जारी भएको विज्ञप्तिमा आगामी असोजमसान्तसम्म सरकारले चीन, जापान र भारतबाट कूल एक करोड ८३ लाख ८२ हजार ८५० खोप ल्याउने तयारी गरेको उल्लेख छ ।

उनका अनुसार चीनको साइनोफार्म कम्पनीबाट ६० हजार मात्रा खोप खरिदको सम्झौता अगाडि बढिसकेको छ । त्यस्तै कोभ्याक्स सुविधामार्फत जापान सरकारले एस्ट्राजेनिका १६ लाख मात्रा र भारतबाट खरिद गरेको १० लाख मात्रा कोभिशिल्ड आउने छ । उनले कोभ्याक्समार्फत १२ वर्षमाथिका बालबालिकाका लागि एक करोड ५० लाख मात्रा खोप ल्याउने गृहकार्य पनि अगाडि बढेको जानकारी दिए ।

मन्त्रालयले कोभ्याक्सबाट निःशुल्क २० प्रतिशत जनसंख्याको लागि प्राप्त हुने एक करोड १३ लाख मात्रा खोप पनि क्रमशः प्राप्त हुँदै जाने र चैत मसान्तसम्म सबै नेपालीलाई खोप दिलाउने योजना रहेको छ । सरकारले अहिलेसम्म ९७ लाख ८२ हजार ८५० खोप प्राप्त गरिसकेको जनाएको छ । तीमध्ये भारतबाट १० लाख मात्रा, नेपाली सेनालाई एक लाख अनुदानमा, कोभ्याक्सबाट तीन लाख ४८ हजार मात्रा, चीनबाट दुई पटक अनुदानमा १८ लाख मात्रा भेरोसेल खोप र चीनबाट खरिद गरेको ५८ लाख मात्रा भेरोसेल खोप, र अमेरिकाबाट अनुदानमा प्राप्त जोन्सन एण्ड जोन्सन खोप १५ लाख ३४ हजार ८५० मात्रा रहेका छन् ।

मन्त्रालयले खोप आयात गर्न इच्छुक निजी क्षेत्रलाई पनि विश्व स्वास्थ्य सङ्गठन र नेपालको नियामक निकाय औषधि व्यवस्था विभागबाट आकस्मिक प्रयोग अनुमति प्राप्त कुनै पनि खोपको उत्पादन मूल्य र आयात खर्चमा अधिकतम १० प्रतिशत मुनाफा लिएर खरिद गर्न दिइएको उनले जानकारी दिए ।

यस्तै कोरोना भाइरस संक्रमण रोकथाम तथा नियन्त्रणका लागि मन्त्रालयले अहिलेसम्म हाई डिपेन्डेन्सी युनिट (एचडियु) दुई हजार ७५ सरकारी र ७७८ निजीमा थपिएको छ । यस्तै एक हजार ४०० एचडियु थप्ने योजनामा रहेको मन्त्रालयले जनाएको छ । भेन्टिलेटर ९०४ रहेको र थप १८० थप्ने क्रममा रहेको छ । बालबालिकाका लागि १८० भेन्टिलेटरसहित २५० सघन उपचार कक्ष (आइसियु) शय्या थप्ने क्रममा रहेको मन्त्रालयले जनाएको छ ।

सरकारले कूल जनसंख्याको ७२ प्रतिशत अर्थात पहिलो प्राथमिकतामा रहेका दुई करोड १५ लाख र पछिल्लो समय १२ वर्षदेखि १८ वर्ष उमेर समूहका ४९ लाख गरी कूल दुई करोड ६५ लाखमा खोप लगाउने लक्ष्य लिएको छ ।

# पोखराको पुम्दीकोटस्थित महादेवको मुर्ति दर्शनमा रोक

**पोखरा/मस**– पोखरा महानगरपालिका २२ को पुम्दीकोटमा रहेको महादेवको मुर्ति दर्शनमा रोक लगाइएको छ ।महानगरपालिका २२ को कार्यालयले अर्को सूचना जारी नगरेसम्मका लागि महादेव परिसरको दर्शन र अवलोकनमा रोक लगाइएको हो ।

पोखरा महानगरपालिका वडा नं २२ कार्यालयले शुक्रबार विज्ञप्ति जारी गर्दै अर्को सूचना नभएसम्मका लागि पुम्दीकोटको विशाल महादेव मुर्ति परिसर दर्शन तथा अवलोकनमा बन्द गरेको जनाएको छ ।

वडाध्यक्ष मित्रलाल बरालले महादेवको मुर्ति दर्शनका लागि पछिल्लो समय दर्शनार्थीहरुको उपस्थिति अत्यधिक हुन गएको र कोभिड१९ को संक्रमण बढ्दै गएकोले सबैको सुरक्षाका लागि महादेव परिसर दर्शन गर्न बन्द गरिएको जानकारी दिए ।

# रसुवामा कोरोना संक्रमितको संख्या १ हजार २ सय १२ पुग्यो

**रसुवा/मस**– रसुवामा १ हजार १ सय ६८ जना कोरोना संक्रमित निको भएका छन् । जिल्लामा रहेका संक्रमितमध्ये बिहीबार २५ जना संक्रमित निको भएसँगै निको हुनेको संख्या १ हजार १ सय ६८ पुगेको हो । रसुवामा हालसम्म १ हजार २ सय १२ जनामा कोरोना पुष्टि भएको थियो । तथ्यांक अनुसार संक्रमितमध्ये ९६.३६ प्रतिशत निको भएका छन् ।

जिल्लामा हाल ४३ जना सक्रिय कोरोना संक्रमित छन् । कोरोनाको दोस्रो लहर सुरु भएसँगै जिल्लामा पनि कोरोना संक्रमित बढेका थिए ।स्वास्थ्य कार्यालय रसुवाका अनुसार गोसाइँकुण्डमा ५, उत्तरगयामा १५ र कालिकामा २३ जना रहेका छन् । सबै संक्रमितहरूमध्य १ जना संस्थागत र ४२ होम आइसोलेसनमा बसेका छन् । जिल्लामा हालसम्म ४ हजार ३५ वटा स्वाव संकलन गरिएकोमा २ हजार ८ सय २३ नेगेटिभ र १ हजार २ सय १२ पोजेटिभ आएको थियो ।

## कञ्चनपुर डायरी

गोमती पाल/मध्यान्ह

# कलुवापुर–बेलौरी सडकमा थपियो ढल निकासको माग



सुदूरपश्चिम प्रदेश सरकारको गौरवको योजना कलुवापुर बेलौरी सडकमा स्थानीयले ढल निकासको माग थपेका छन् । बेलौरी बजार क्षेत्रमा सडकसंगै ढल निकासका लागि नाली बनाउनुपर्ने माग गरिएको छ ।

बेलौरी नगरपालिकाका मेयर पोतिलाल चौधरी बेलौरीले बजारमा सडकसंगै ढल निकासका लागि नाली बनाउन सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टलाई आग्रह गरेका छन् । उनले सडकसंगै ढल निकासका लागि नाली बनाउनु पर्ने योजना थप गर्न माग अघि सारेका छन् ।

केही दिन अघि बेलौरी कलुवापुर सडक निर्माणको स्थलगत निरीक्षणपछि बेलौरी नगरपालिका पुगेका मुख्यमन्त्री भट्टलाई मेयर चौधरीले सडक निर्माणलाई प्राथमिकता दिन र बेलौरी बजारमा ढल निकासका लागि योजना थप गर्न ज्ञापनपत्र बुझाएका छन् ।

'यो सडकको निर्माण कार्य अहिले राम्रोसंगै अघि बढेको छ, त्यसका लागि हामी खुसी छौं' मेयर चौधरीले भने,'यो सडकसँगै बेलौरी बजारमा ढल निकासको समस्या हल गर्ने योजना तयार गर्न आवश्यक छ, त्यसका लागि मुख्यमन्त्रीज्यूलाई आग्रह गर्छु ।'

सडक निर्माणसँगै ढल निकासका लागि नाली निर्माण भए बजार व्यवस्थापन हुने मेयर चौधरीले बताए । 'सडक बनेर नाली बनेन भने भोलि ढल सबै बजारमा आउँछ, त्यस कारण अहिले नै ढल निकासको समस्या हल हुनुपर्छ ।' बेलौरी नगरपालिकाका बासिन्दाले सडक निर्माणसंगै बेलौरी बजारमा ढल निकासका लागि नाली बनाउन नगरपालिकालाई दबाव दिदैं आएका छन् ।

मुख्यमन्त्री भट्टले बेलौरी बजारमा सडक निर्माणसँगै ढल निकासको व्यवस्थापनका लागि भौतिक पूर्वाधार मन्त्रालयसित कुराकानी गर्ने बताए । मुख्यमन्त्री भट्ट सामाजिक विकास मन्त्री लाल बहादुर खड्का, सुदूरपश्चिम प्रदेश सभा सदस्य महेशदत्त जोशी, पूर्वाधार विकास कार्यालय कञ्चनपुरका प्रमुख दिपक नेगी सहित बेलौरी नगरपालिका पुगेका थिए ।

बेलौरी बजार कञ्चनपुर जिल्लाको पहिलो सदरमुकाम हो । २०१९ सालमा बेलौरीबाट महेन्द्रनगर सदरमुकाम सारिएको थियो । सदरमुकाम सारिएको ५२ वर्षपछि २०७१ मा बेलौरी बजारलाई केन्द्र मानेर बेलौरी नगरपालिका घोषणा गरिएको थियो ।

बेलौरी सदरमुकाम हुँदा सञ्चालनमा आएको कलुवापुर बेलौरी सडक कालोपत्रे निर्माण अहिलेसम्म पूरा हुन सकेको छैन । संघीय शासन व्यवस्था लागू भएपछि सुदूरपश्चिम प्रदेश सरकारले गौरवको सडक योजनाका रुपमा राखेर सडक कालोपत्रेको काम अघि बढाएको छ । २८ किलोमिटर लम्बाईको सडक निर्माणलाई सडक डिभिजन कार्यालय महेन्द्रनगरले २०७१ म ठेक्का दिएको थियो । नयाँ संविधान अनुसार निर्वाचन भएपछि सडक निर्माण कार्य प्रदेश सरकार मातहत आएको हो ।

पूर्वाधार कार्यालय कञ्चनपुरका प्रमुख इन्जिनियर दिपक सिह नेगीले सडक डिभिजन कार्यालयबाट हस्तान्तरण भएर आएपछि सडक निर्माण कार्यलाई प्राथमिकता दिइएको बताए । 'यो सडकमा दुई खण्ड बनाएर कालोपत्रेको काम भइरहेको छ, शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज बाहेक अन्य क्षेत्रमा सन्तोसजनक रुपमा काम अघि बढेको छ' उनले भने,'सडक कालोपत्रे पूरा गर्ने गरी अघि बढेका छौ ।'

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जले वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन नहुँदासम्म कालोपत्रे गर्न नदिएपछि यो सडकको निकुञ्ज क्षेत्रमा काम अवरुद्ध हुन पुगेको छ । कलुवापुरदेखि भारतीय सीमा नाका बेलौरी छोटी भन्सार कार्यालसम्म सडक कालोपेत्रका लागि ठेक्का दिइएको हो । शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज क्षेत्रमा ५ किलोमिटर क्षेत्रमा सडक कालोत्रपे गर्न पर्नेछ ।

पूर्वाधार विकास कार्यालय कञ्चनपुरका सूचना अधिकारी हेमराज भट्टले सडकको केही स्थानमा ढल निकासका लागि नाली निर्माण गरिने बताए । 'सडकबाट आएको हुनाले त्यहीं डिजाइन अनुसार सडक निर्माण भइ रहेको छ, केही स्थानमा नाली पनि छन्' उनले भने । कलुवापुरदेखि चान्देउसम्मको १४ किलोमिटर क्षेत्रमा ८० प्रतिशत र चान्देउदेखि बेलौरी भन्सारसम्मको बाँकी सडक खण्डमा ८५ प्रतिशत भौतिक प्रगति हाँसिल गरिएको छ ।

# छाडा पशुचौपाया नगरपालिका पुऱ्याउन रामलिला समितिका अध्यक्ष चन्दको आह्वान



रामलिला समिति कञ्चनपुरका अध्यक्ष शमरजङ्ग बहादुर चन्दले छाडा पशु चौपाया नगरपालिका पुर्याउने अभियान सञ्चालनका लागि आह्वान गरेका छन् । उनले सामाजिक सञ्जाल फेसबुकबाट खेतीपाती जोगाउनका लागि छाडा पशु चौपाया नगरपालिका पुर्याउने अभियान सञ्चालनका लागि आव्हान गरेका हुन् ।

अध्यक्ष चन्दले छाडा पशु चौपाया पुर्याउने नगरपालिकाको नाम भने उल्लेख गरेका छैन् । उनले आफ्नो खेतीपाती आफैं बचाउन समेत आग्रह गरेका छन् । अध्यक्ष चन्दले छाडा पशु चौपाया नगरपालिका पुर्याएर जनप्रतिनिधिसित जवाफ माग्न समेत आग्रह गरेका छन् ।

# बेतबाँसबाट उत्पादन गरिएका सामग्रीको अनुगमन

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, १५ साउन

बाँकेको कोहलपुरमा दलित महिला संघ बाँके (फेडो) ले बेतबाँसबाट उत्पादन गरिएका विभिन्न किसिमका सामग्रीहरुको अनुगमन गरेको छ । बाँके कोहलपुर नगरपालिका वडा नं. १४ र २ मा दलित महिलाहरुलाई क्षमता विकासका लागी डिभिजन बन कार्यलय बाँकेको सहयोगमा र दलित महिला संघ बाँके (फेडो) को आयोजनमा २ महिने बेतबाँस जन्यको निर्माणको तालिम दिइएको थियो । बेतबाँस जन्सको सामग्री निर्माण गर्नका लागी दिएको तालिममा सिकेका कार्यहरुको के कस्ता भई रहेका छन् त्यसको दलित महिला संघ बाँके (फेडो) ले अनुगमन गरेको हो ।



बेतबाँस जन्यबाट निर्माण गरिएका सामाग्रीहरुमा कपडा झुन्ड्याउने हेंगर, चुडी राख्ने चुडी केश, बच्चाहरुको लागी झुला, विभिन्न किसिमका मुडाहरु, पेन स्टैंड, बेंतको रेक, फूल राख्ने टोकरी, ब्रस राख्ने हेंगर लगायतका उत्पादन गरिएको सामाग्रीहरुको अनुगमन गरिएको हो । अहिले अर्डर अनुसारका सामाग्रीहरु पनि तयार गर्ने गरिन्छ ।

दलित महिला संघ बाँके (फेडो) का अध्यक्ष निर्मला सुनार, कार्यक्रम संयोजक दिलाशा गौतम, संस्थाकी लेखापाल प्रतिभा गुर्ताले बेतबाँस जन्यबाट उत्पादन गरिएका सामग्रीहरुको अनुगमन गरिएको छ । यसअघि डिभिजन बन कार्यालय बाँकेले पनि अनुगमन गरी सकेको छ ।

बाँके कोहलपुर नगरपालिका वार्ड नं.-१४ र २ का ३० जना दलित महिलाहरुलाई बेतबाँस जन्यको निर्माणको तालिम गराइएको थियो । सो तालिमबाट उत्पादन गरिएको बेतबाँसजन्य सामग्रीहरु अहिले एकै ठाउँमा राखिएको छ । तयार पारिएको सामग्रीहरुलाई अब केही दिनमै नेपालगन्ज बजारमा बिक्री वितरणको लागी व्यवस्था मिलाई रहेको जानकारी दलित महिला संघ बाँके (फेडो) का कार्यक्रम संयोजक दिलाशा गौतम बताइन् ।

# पाँचपोखरी गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको आयोजनामा वृक्षरोपण

**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक,१५साउन

पाँचपोखरी थाङ्पाल गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको आयोजनामा गाउँपालिकाभित्र वृक्षरोपण कार्यक्रमको अभियान शुरु गरिएको छ । शुक्रबार प्राथमिक अस्पतालको परिसर तिपेनि बजारबाट वृक्षरोपण कार्यक्रमको शुभारम्भ भएको हो ।

गाउँपालिकाको अन्य वडाहरुमा पनि वृक्षरोपण कार्यक्रम शुरु भएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत दिनेश पोखरेलले जानकारी दिए । कार्यक्रममा गाउँपालिकाका अध्यक्ष टासी लामा, नि प्रमुख प्रशासकीय अधिकृत दिनेश पोखरेल लगायत पालिकाका कर्मचारी सहभागी छन् । मानव जीवनलाई हितकारी बनाउने वृक्षरोपणको कार्य गर्न सम्पूर्ण सरोकारवालाहरु एक जुट हुनुपर्नेमा गाउँपालिकाका अध्यक्ष टासी लामालेजोड दिए ।

टोल टोलका खाली क्षेत्र, सडक किनारा, पानीका मुहान लगायतका सार्वजनिक क्षेत्रमा वृक्षरोपण गरी पुण्य कमाउने कार्य गर्न उनले आग्रह गरे । अहिले हामीले गरेको वृक्षरोपणको कार्यले हाम्रो वातावरणलाई सफा स्वच्छ निर्मल राख्नुका साथै भावीपिडीका लागी सम्पत्ति बन्ने लामाको भनाइ छ ।

सामाजिक, आर्थिक र वातावरणीय फाइदाहरुका लागि आ-आफ्नो समुदायमा वृक्षरोपणको व्यापक अभियान सञ्चालन गनपर्ने नि प्रमुख प्रशासकीय अधिकृत पोखरेलले बताए ।

## कथा

# जेनेरेशन ग्याप

मेरो टीका थाप्ने पालो आउन अझै थुप्रै समय थियो । म आफ्ना अतितका बाल्यकालका दिनहरुमा घोत्लिन थाल्छु । मैले बचपनमा काइला बुवासँग मागेको आर्शिवाद झलझली आँखा सामुन्ने नाच्न थाल्छ । अनि भर्खरै प्रदीपले बाजेसँग मागेको आर्शिवादसँग तुलना गर्न थाले । लगभग उही मेरो बचपनको उमेरसँग मिल्ने र उही तरिकाले मागेको अर्को खाले अशिर्वादले म झस्किए ।



■ ओमारबहादुर गुरुङ, स्पेन

टह-टह जुनको उज्यालो सुनसान रातमा हामी एक हुल युवाहरु बँगैचा र बारीका कान्लाहरुमा फक्रिरहेका छन् । यो रमणीय बेला वायुमण्डलमा रातकी रानी फूलबाट आइरहेको मधहोस् र सुगन्धित पवन फैलिरहेको छ । हामी आज बडादशैंको महा-अष्टमीको दिन कालरात्री मनाउन गईरहेका छौ । गाउँ घरमा यो रात नसुतिकन कालरात्री मनाउने परम्परा चल्दै आइरहेको छ । हामीहरु गाउँको प्रधानको घरमा गएर रोधी बस्न शुरु गर्छौ । कसैले मादल, कसैले बासुरी त धेरैले ताली बजाउँदै हाम्रो रोधी शुरु हुन्छ । यो रात स्थानीय भाकाको लोक दोहोरीले प्राथमिकता पाउँछ । गीत, संगीत र गीतसंगैको टुक्काहरुले युवा हृदयहरुमा रस र नसाको काम गर्छ । सारा दुःख, बेदना र अभावहरु भुलेर स्वर्गीय अनान्दमा लिप्त हुन्छन् । अहिलेको आधुनिक संसारको लोकप्रिय डिस्कोथेकहरु भन्दा यो प्राकृतिक डिस्को बढी रमाइलो र आनन्दमय छ ।

जताततै दशैको चहलपहल छ । प्रकृतिले पनि दशैं मनाईरहे झैं लाग्थ्यो । घर माथिबाट झर्ने खहरे खोलाको गडगाडाहट अब बिस्तारै कम भईसकेको थियो । गाउँको बीचको चौतारोमा हालेको लठ्ठे पिङ्ग र जाँते पिङ्गबाट आइरहेको च-च हुई, च-च हुई आवाजहरुले हामी युवाहरुमा उत्साह, उमंग र आनन्दीको सन्देश दिईरहेको थियो । अनि गाउँ तलको बेसीमा पहेंलपुर भएर बयेली खेलिरहेका धानबालीले गाउँका कृषकहरुको मनमा हर्ष र खुशी बाँडी रहेको थियो । दशैको टीकाको दिन घरमा बुवाको हातबाट टीका ग्रहण गरेपछि म काइँला बुवा कहाँ गए । काइँला बुवाकोमा अरु पनि धेरै नै मानिसहरु क्रमिक रुपमा टीका ग्रहण गरिरहेका थिए । केही समयपछि मेरो पालो आयो ।

'जय काली ! भद्रकाली !' मन्त्र भट्टाउदै दही-चामलको सेतो अक्षेता काइँला बुवाले मेरो निधारमा लगाई दिनुहुन्छ । 'दुर्गा भवानीको आर्शिवादले ठागु (मेरो घरमा बोलाउने दोश्रो नाम) भविष्यमा डाक्टर ! इन्जीनियर ! भएर, आमा-बाबालाई सधै खुशी राख्नु ।' काइला बुवाको आशिर्वाद नसकिदै 'मलाई त मन परेन हजुरको आर्शिवाद । अरु नै दिनु होस् !' मैले भने ।

'ए तिमी त कुरा गर्न सिपालु छौ । ल ! यो देशको ठुलो नेता भएस् ! प्रधानमन्त्री भएस् !' काइँला बुवाले भन्नु भयो ।

'यो पनि भएन !' मैले पुनः भने ।

'अनि कस्तो आर्शिवाद चाहियो त ? तिमी आफैले भन् !' काइँला बुवाले पुनः भन्नु भयो ।

'उही क्या सेबेदर, सुबेदार मेजर र लेफ्टिन; क्यप्टिन भएस भनेर दिनुस न ! भै हाल्यो नि !' मैले फेरि भने ।

'ए ! ल ! ल ! त्यो त म दिदै छु नि छोरा । ल भविष्यमा गोर्खामेजर भएर ठागु ! हाम्रो कुलको इज्जेत राखेर' काइँला बुवाले भन्नु भयो ।

मैले खुशी हुदै उहाँलाई ढोग गरे ।

म नौ वर्षे केटाको लाहुरे बन्ने सपना देखेर त्यहाँ उपस्थित सबैमा हाँसोको लहर चल्छ । जीवनमा लाहुरे हुनु नै सबैभन्दा भरपर्दो स्थायी नोकरी हो भन्ने ज्ञान मलाई त्यसबेला भएको हुनुपर्छ । त्यहिँ उमेरदेखि नै मेरो जीवनको प्रमुख उद्देश्य लाहुरे बन्नुमा केन्द्रित हुन् थाल्यो । लाहुरे बनेर आमा-बुवा, आफ्नो कुल र आफ्नो सपना साकार पार्ने संकल्प गर्न थाले ।

ब्रिटिश गोर्खा क्याम्प दीप पोखराको गेट बाहिर हजारौं युवाहरु भर्ति हुन जम्मा भएका छन् । लामो प्रतीक्षापछि मात्र गेटको ढोका खुल्यो र हामी भित्र पस्यौ । एक/एक गर्दै हाम्रो नागरिक प्रमाणपत्र र एसएलसी पासको सर्टिफिकेट चेक गरेर अझ भित्र लगेर गयो । मेरो बचपनदेखिको सपना, मेरो बुवा-आमाको चाहाना र मेरो जीवनको प्रमुख लक्ष्य पूरा गर्न आतुर भएर लाइनमा उभिरहेको थिए । तर, अप्रत्याशित घटनाले म क्याम्पबाट बाहिरिएँ । मेरा बचपनदेखिको सारा सपनाहरु सिसा फुटे झैँ चक्नाचुर भयो । मेरा बाबा-आमाको चाहनामा ठूलो बज्रपात भयो । यस घटनाले मेरो जीवनमा नै हलचल ल्याईदिएको थियो । जीवनमा अब म कहिल्यै सैनिक सेवामा जागिर खान अयोग्य ठहरिए । म मा आँखामा हुने वंशाणुगत रोग कलर ब्लाइण्ड रहेछ । यस्ता व्यक्तिहरुले रंगीबिरंगी रंगहरुलाई छुट्टाउन नसक्दा रहेछन र यस्ता व्यक्तिहरु सैनिक सेवामा अयोग्य ठानिदो रहेछ । मेरो बचपनदेखिको सपना सिशा फुटे झैँ टुक्रा-टुक्रा भएर छरपस्ट भएको थियो । आफू बस्ने होटलको कोठामा आएर म रुन थाले । सँगैका साथीहरुले सम्झाउने कोशिश गर्न थाले । तर म झन् चर्को स्वरमा ग्वाँ-ग्वाँ डाँको छोडेर रून थाले । किन-किन मेरो आँखाहरुबाट बलिन्द्र आँसुका धाराहरु बगि नै रह्यो । मेरो युवा र कलिलो हृदयमा ठूलो चोट परेको थियो । त्यतिबेला मेरो बुझाईमा जीवन नै बर्वाद भएको झैँ लागेको थियो । अचानक त्यति बेलामा कताबाट हो कुन्नि स्कुलमा पढाउने भीमलाल सर कोठाभित्र छिर्नु भयो ।

'ठागु (मेरो उपनाम) के भयो ? किन रोएको ?' उहाँले प्रश्न गर्नु भयो । म नबोली रोई नै रहे । सगैंका साथीहरुले भीमलाल सरलाई मेरो सम्पूर्ण कहानी सुनायो ।

'धत् नरोउ ! तिमी जस्तो प्रतिभाशाली युवा यो समाज र देशलाई खाँचो छ । छोड्देऊ अर्काको देशमा गएर गुलामी गर्ने पेशा । तिमी त साइन्स विषय लिएर क्याम्पस पढ्नु पर्छ । मेहनत गरेर पढ्यो भने यहाँ तिम्रो र यो समाजको भविष्य उज्वल हुन्छ ।' यस्तै-यस्तै मातृभूमी, यो समाज र देशप्रति हामीजस्ता युवाहरुको कर्तव्य प्रति उहाँले धेरै कुराहरु भनेर सम्झाउनु भयो ।

भीमलाल सरकै मार्ग निर्देशनमा म क्याम्पस पढ्न गाउँबाट पोखरा झरे र पोखराको पृथ्वीनारायण क्याम्पसमा आईएस्सीमा भर्ना भएर पढन् थाले । आईएस्सी सकिएपछि मेरा धेरैजना साथीहरु ब्रिटिश लाहुरे, नेपाली सेनाको सह-सेनानी र प्रहरी सहायक निरीक्षक पदमा प्रतिष्पर्धा गर्न गए । धेरैजना सफल पनि भए । तर म बीएड पढ्न भर्ना भए । बीएड सकिएपछि पनि धेरै मन मिल्ने साथीहरु प्रहरी निरीक्षक र शाखा अधिकृतको लागि प्रतिष्पर्धामा उत्रिए । कति जनाले अधिकृत भएर जागिर पनि शुरु गरे । तर म आफ्नै स्वास्थको कमजोरीले जान सकिनँ । 'किन खुम्चिस मरिच आफ्नै रागले' भन्ने नेपाली उखान झैँ । समयको डोऱ्याइमा म एकदिन पृथ्वीनारायण क्याम्पसमा बिहानी कक्षामा एमएमा भर्ना भए र दिउँसो पोखराको अमरसिंह हाईस्कुल रामघाट पोखराको म्याथ-साइन्स पढाउने चके मास्टरमा नियुक्ति भएँ ।

आज बिहानको अन्थ्रोफोलोजी पढाउने सरको अनुस्पथितिले क्लास भएन । म क्याम्पस हाताभित्र रहेको पश्चिमाञ्चल क्षेत्रिय लाईब्रेरिमा पसे । एलन म्याकफर्लेन र इन्द्रबहादुर गुरुङ्गले संयुक्त रुपमा लेखेको 'अ गाइड टु गुरुङ्ग' किताब सरसर्ती हेरेर एकाध घण्टापछि बाहिर निस्किए । क्याम्पस गेटनिर आइपुग्दा अचानक एक महिलाले कारको झ्याल खोल्दै टाउको निकालेर बोलाइन् ।

ओ ठागु दाइ सबन मु ?' उनी कारको अघिल्लो भागको ड्राइभर सिटसँगको बायाँ सीटमा बसिरहेकी थिइन् । म एक छिन टोलाएर हेरिरहे । 'मलाई चिन्नु भएन ?' उनी मलाई हेरेर प्रतिउतर मागिरहेकी थिइन् । म अझ अलमलमा परि रहे । निक्कै लामो प्रयासपछि पो बल्ल चिने उनी त मेरो बाल्य -सखी सम्झना रहेछिन् ।

'सम्झना ! तिमी !! कताबाट ?' म आश्चर्य हुँदै भने ।

म यहि क्याम्पस गेटसम्म हो भन्दै ड्राईभर सिटमा बसिरहेको पुरुषलाई देखाउदै भनिन् 'उहाँ मेरो श्रीमान ।'

मैले नमस्ते गर्न पाउँदा नपाउँदै उसले आफ्नो हातहरु मतिर बढायो । यहि बेला सम्झना बसेको कारको पछिल्लो ढोका खोलेर एकजना हिउँ जस्तै सेती युवती भित्र पसिन् । सम्झनाले आफ्नो श्रीमान र ती सेती युवतीलाई मेरो परिचय दिइन् ।

'उहाँ मेरो बच्चादेखिको साथी ठागु !'

कारमा बसेकी सेती युवतीले नमस्कार गरिन् र मैले फर्काए । 'उहाँ मेरो नन्द-हेमा, यहि क्याम्पसमा बिएड. पढ्छिन ।' सम्झनाले उनको परिचय दिइन् । लामो समयपछिको भेटघाट भएकोले केही समय सम्झना र म गफमा गफिन थाल्यौं । सम्झनाले मलाई पनि आफूहरुसँगै आफ्नो घरमा जान आग्रह गरिन् । उनको श्रीमानले सम्झनालाई साथ दिँदै जाउँ भनेर जोड गर्न थाले । मैले स्कुलको क्लास लिन ढिलो हुने बहाना बनाएर बिदा मागे । पछि समय मिलेर आउला भनि टारे । सम्झना मार्फत् चिनजान भएकी हेमा र मेरो क्याम्पसमा पटक-पटक भेटघाट हुन थाल्यो ।

भेटघाट हुँदै जाने क्रममा एकदिन हेमा र मेरो सम्बध प्रेमपछिको मागी विवाह बन्धनमा टुंगियो । पोखराको रामघाटको बौद्ध अर्घौ सदनमा गएर भगवान बुद्धलाई साँछी राखी बौद्ध परम्परा अनुसार हाम्रो बिवाह भयो । मेरो सम्पूर्ण परिवार गाउँमा नै थियो । बिवाहपछि मैले हेमालाई भाडाको कोठामा ल्याएर राखे । हेमाले पनि बिएड.पास गरेर बोर्डिंग स्कुलमा शिक्षिका भएर पढाउन शुरु गरिन् ।



> समयले कोल्टो फेरिसकेको रहेछ । ज्ञान-विज्ञान र प्रबिधिले मानब जीवनमा परिवर्तन ल्याईरहेको छ । त्यहिँ परिवर्तन सँगसँगै मानिसका इच्छा, चाहना र आवश्यकतामा परिवर्तन भैरहेको छ । मैले मन-मनमा अड्कल बाजी लगाएँ सायद यहि नै होला जेनेरेशन ग्याप भनेको ।

हेमा र मेरो बीचमा धेरै कुराहरुमा बिचार र ब्यउहाँरमा समानताहरु कायम रहयो । उनी सानो कुरामा पछि बिशेष ध्यान दिएर हाम्रो सम्बन्धलाई प्रगाढ बनाउने कोशिश गर्थिन् । म उनको यो ब्यउहाँरले अति प्रसन्न थिएँ । हाम्रो बीचमा असमानता भन्नु नै आर्थिक हैसियतको थियो । हेमा सम्पन्न परिवारमा हुर्केकी सहरिया महिला थिइन् । म गाउँको मध्यम बर्गको किसानको छोरो । हेमाका बुवा-आमा, नातेदार र इष्टमित्रहरु प्राय सबै सम्पन्न परिवारका थिए । उनीहरु लाखौ-करोडौ पर्ने कारमा हिँडडुल गर्थे । महंगा-महंगा कार, गाडी, सुनका गर-गहनादेखि बजारका बहुमूल्य जग्गा जमिनहरु खरिद गर्ने योजनाहरु सुनाउँथे । उनीहरुको यो कुराहरुले मलाई मनमा कता-कता च्वास च्वास बिझाई रहन थाल्यो । त्यसैले मैले एकदिन हेमासँग विदेश जाने प्रस्ताब राखे । यो होडबाजीको संसारमा किन आफु पछि पर्ने ? मैले आफूलाई मनमनै सोधी रहेको थिएँ 'जीवन कसरी उत्कृष्ट बनाउन सकिन्छ ?' बिज्ञानको विधार्थी भएकोले नाताले अस्तित्वमा रहन आफ्नो वरीपरीको बातावरणसँग संघर्ष गर्नुपर्छ भन्ने जीब बिकासको सिद्धान्तलाई स्वीकार्दै म पनि विदेशमा गएर संघर्ष गर्ने प्रण गरे । मेरो प्रस्ताबलाई हेमाले पनि सहर्ष स्विकारिन् र एकदिन म जर्मनीमा पाइला टेक्न आइपुगे । 'आफु नमरेसम्म स्वर्ग देख्न पाइदैन' भन्ने नेपाली उखान विदेश लागेपछि मात्र थाह पाएँ । आफू जन्मेको देश स्वर्ग भन्दा प्यारो हुन्छ अर्थात् (जननी जन्म भूमिश्च स्वर्गदपि गरीयसी) भन्ने कुरा साँचो अर्थमा अनुभब गर्न पाएँ ।

यहाँ आएपछि कामको खोजी शुरु गरे । कतै कामको खोजीमा गयो कि सबैभन्दा पहिला भाषाको समस्या । भाषा जानेको छैन, के-कसरी कुरा गर्ने ? यहाँका मानिसहरुले अंग्रेजी बोल्न त्यति नजन्दो रहेछ । जानी हाले पनि बोल्न मन नपराउने रहेछ । बल्ल तल्ल जानी नजानी बीच -बीचमा अंग्रेजी मिसाएर यहाको भाषामा कुरा गरे । के काम जानेको छ ? कामको परमिट छ कि छैन ?प्रश्न माथि प्रश्न बर्साउन थाल्छन । कामको लागि विदेश हिड्नु भन्दा पहिला हामीले आफुलाई कुनै काममा निपुण र पोख्त बनाउनु आवश्यक रहेछ । विदेशमा कुनै काममा दक्ष-अर्धदक्ष कामदारहरुले राम्रै काम पाउने सम्भावना धेरै हुँदो रहेछ । सीप र भाषा नभएकोले काम पाउन मुस्किल हुँदो रहेछ । यदि पाई हालेमा पनि कम तलब, लामो समय ड्युटी, खतरापूर्ण काम पाइँदोरहेछ ।

